नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रकाशित मितिः २०७५।२।२१ )

**<u>राष्ट्रिय युवा प्रतिभा सम्मानका लागि मनोनयन पेश गर्नेसम्बन्धी सूचना।</u>**

यस मन्त्रालयबाट हरेक वर्ष अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा प्रदान गरिने राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यक्रमअन्तर्गत आगामी श्रावणमा प्रदान गरिने <u>राष्ट्रिय युवा प्रतिभा सम्मान</u>का लागि राष्ट्रिय युवा प्रतिभा सम्मानको क्षेत्रसँग सम्बद्ध मन्त्रालय, आयोग, समिति, प्रतिष्ठान, युवा सङ्घसंस्था एवं व्यक्तिगत तवरबाट यस्तो सम्मान गर्न योग्य युवा, युवा समूह वा युवा संघसंस्थाको मनोनयन गर्न सक्ने व्यवस्था भएको व्यहोरा जानकारी गराइन्छ । सोका लागि ***राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२*** मा उल्लेख भएका विधा र क्षेत्रमा उदाहरणीय एवम् उत्कृष्ट कार्य गरेका युवा, युवा समूह तथा युवा संस्थाहरूको विवरण र मुख्यमुख्य योगदानहरू खुल्ने कागजातहरु समेत संलग्न राखी सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र युवा तथा खेलकुद मन्त्रालयमा मनोनयन दर्ता गराई उत्कृष्ट युवा पहिचानमा सहयोग गरिदिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि मन्त्रालयको वेबसाइट www.moys.gov.np मा राखिएको ***राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२*** हेर्न तथा फोन नं. ०१-४२००५४४ मा सम्पर्क गर्न सकिनेछ ।